9TH of Jan 2025

आकाशवाणी

## मुख्य समाचारहरुबाट

- रक्षा उत्पादनमा भारत आत्मनिर्भर बन्दै गएको राजनाथ सिंहको भनाई
- संयुक्त राष्ट्रको रिपोर्ट अनुसार चालु आर्थिक वर्षमा भारतको आर्थिक वृद्धि 7 प्रतिशत रहने अनुमान
- भारत र अमेरिका द्विपक्षीय व्यापार सम्झौतामा वार्ता गर्न प्रतिबद्ध रहेको विदेश मन्त्रालयका प्रवक्ताको भनाई
- प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि तीनदिने गुजरात भ्रमणमा जानुहुने
- ईडीको छापामारीपछि मुख्यमंत्री ममता बनर्जीले दर्ता गर्नुभयो FIR
- मलेसियामा आयोजित ओपन ब्याडमिन्टनमा पी.भी. सिन्धु सेमिफाइनमा प्रवेश

-------------

## रक्षा उत्पादनमा भारत आत्मनिर्भर बन्दै गएको राजनाथ सिंहको भनाई

रक्षा मन्त्री राजनाथ सिंहले रक्षा उत्पादन क्षेत्रमा भारत आत्मनिर्भर बन्ने दिशामा तीव्र गतिमा अघि बढिरहेको बताउनु भएको छ। उहाले उत्तर प्रदेशको लखनऊ आफ्नोमा अशोक लील्याण्डको इलेक्ट्रिक सवारी साधन (ईभी) उत्पादन कारखानाको आज उद्घाटन गर्नुभयो।उद्घाटन कार्यक्रममा मन्त्री नितिन गडकरी, एच.डी. कुमारस्वामी तथा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको उपस्थिति रहेको थियो। यस अवसरमा रक्षा मन्त्री सिंहले सरकारले नियमहरू सरलीकरण गर्दै आवश्यक सुधारात्मक कदम चालेको बताउँदै त्यसले लगानीकर्ता तथा उद्योग व्यवसायीहरूको विश्वास बढाएको उल्लेख गर्‍नुभयो। byte... उहाले देशको रक्षा उत्पादन हाल वार्षिक 46 हजार करोड रुपैयाँबाट बढेर 1 लाख 50 हजार करोड रुपैयाँ पुगेको जानकारी दिनुभयो। उहाका अनुसार रक्षा क्षेत्रको निर्यातमा पनि उल्लेखनीय वृद्धि भएको छ। पहिले वार्षिक करिब एक हजार करोड रुपैयाँ रहेको रक्षा निर्यात हाल बढेर करिब 25 हजार करोड रुपैयाँ पुगेको छ। उहाले 2029-30 सम्म यो निर्यात 50 हजार करोड रुपैयाँ

पुग्ने विश्वास व्यक्त गर्नुभएको छ। ब्रह्मोस मिसाइल निर्माण इकाइपछि भारी उद्योग क्षेत्रमा भएको लगानीका रूपमा अशोक लील्याण्डको यो इलेक्ट्रिक सवारी साधन कारखानाको सुरुआत एक महत्वपूर्ण कदम भएको रक्षा मन्त्रीले बताउनुभयो।

## संयुक्त राष्ट्रको रिपोर्ट अनुसार चालु आर्थिक वर्षमा भारतको आर्थिक वृद्धि 7 प्रतिशत रहने अनुमान

संयुक्त राष्ट्रको आर्थिक तथा सामाजिक मामिला विभाग (UNDESA) ले सार्वजनिक गरेको एक प्रतिवेदन अनुसार उपभोग र सार्वजनिक लगानीको बलमा चालु आर्थिक वर्षमा भारतको आर्थिक वृद्धि दर 7 दशमलव 2 प्रतिशत रहने अपेक्षा गरिएको छ।

'विश्व आर्थिक अवस्था तथा सम्भावना 2026 शीर्षकको प्रतिवेदनमा भारतको आर्थिक वृद्धि दर 2026–27 आर्थिक वर्षमा 6 दशमलव 6 प्रतिशत र 2026–27 आर्थिक वर्षमा 6 दशमलव 8 प्रतिशत रहने अनुमान गरिएको छ। संयुक्त राष्ट्रका अनुसार भारत र इन्डोनेसिय-सहित धेरै ठूला विकासशील अर्थतन्त्रहरूमा घरेलु मागको मजबुती तथा लक्षित नीतिगत उपायका कारण सुदृढ आर्थिक वृद्धि कायम रहने अपेक्षा गरिएको छ। यद्यपि प्रतिवेदनले विश्व अर्थतन्त्रमा केही मजबुती देखिए पनि व्यापार तनाव, राजकोषीय दबाब र निरन्तर अनिश्चितताका कारण भविष्य अझै अनिश्चित रहेको जनाएको छ। प्रतिवेदन अनुसार अमेरिका र एशियाका केही भागहरूमा घरेलु माग र नीतिगत शिथिलताले आर्थिक गतिविधिलाई सहयोग गरिरहेको छ भने युरोपमा आर्थिक वृद्धि कमजोर अवस्थामा रहेको छ। साथै उच्च ऋणस्तर र जलवायु परिवर्तनका प्रभावले धेरै विकासशील अर्थतन्त्रहरू प्रभावित भइरहेका छन्।

वैश्विक मुद्रास्फीति दर 2025 मा 3 दशमलव 4 प्रतिशतबाट घटेर 2026 मा 3 दशमलव 1 प्रतिशतमा झर्ने अनुमान पनि प्रतिवेदनमा गरिएको छ।

## प्रधानमन्त्री नरेन्द्र मोदी तीनदिने गुजरात भ्रमणमा जानुहुने

प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि तीन दिने गुजरात भ्रमणमा प्रस्थान गर्ने कार्यक्रम रहेको छ। भ्रमणको पहिलो दिन साँझ उहाँ सोमनाथ पुग्नुहुनेछ र ओंकार मन्त्र उच्चारण कार्यक्रममा सहभागी हुनुहुनेछ। यस अवसरमा उहाँले सोमनाथ मन्दिर परिसरमा आयोजना गरिने ड्रोन शो पनि अवलोकन गर्नुहुनेछ।

आइतबार प्रधानमन्त्री मोदी शौर्य यात्रामा सहभागी हुनुहुनेछ। सो यात्रा सोमनाथ मन्दिरको रक्षा गर्दै आफ्नो प्राण आहुति दिने असंख्य वीर योद्धाहरूको सम्मानमा आयोजना गरिएको हो। यस क्रममा प्रधानमन्त्रीले सोमनाथ मन्दिरमा दर्शन तथा पूजा–अर्चना गर्नुहुनेछ र सोमनाथ स्वाभिमान पर्वमा पनि सहभागिता जनाउनुहुनेछ।

त्यसपछि प्रधानमन्त्री राजकोट प्रस्थान गर्नुहुनेछ र कच्छ तथा सौराष्ट्र क्षेत्रका लागि आयोजना गरिने भाइब्रेन्ट गुजरात क्षेत्रीय सम्मेलनमा सहभागी हुनुहुनेछ। सम्मेलनका अवसरमा उहाँले व्यापार मेला तथा प्रदर्शनीको उद्घाटन पनि गर्नुहुनेछ।

## भारत र अमेरिका द्विपक्षीय व्यापार सम्झौतामा वार्ता गर्न प्रतिबद्ध रहेको विदेश मन्त्रालयका प्रवक्ताको भनाई

विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले भारत र अमेरिका द्विपक्षीय व्यापार सम्झौतामा वार्ता गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ। नयाँ दिल्लीमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उहाले दुवै पक्षबीच सन्तुलित र पारस्परिक रूपमा लाभदायक व्यापार सम्झौताका लागि विभिन्न चरणमा छलफल भएको जानकारी दिनुभयो।

प्रवक्ता जायसवालका अनुसार भारत दुई पूरक अर्थतन्त्रहरूबीच पारस्परिक लाभ हुने व्यापार सम्झौतामा रुचि राख्दछ र यसलाई चाँडै निष्कर्षमा पुऱ्याउन इच्छुक छ। उहाले प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच 2025-मा आठ पटक टेलिफोन वार्ता भएको र ती संवादहरूमा व्यापक साझेदारीका विभिन्न पक्षमा छलफल भएको जानकारी दिनुभयो

## 'वेभ्स्' प्लेटफर्म

सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले प्रसार भारतीको 'वेभ्स्' प्लेटफर्मले अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रशंसा पाएको र यसबाट करिब 5 हजार करोड रुपैयाँको अन्तर्राष्ट्रिय व्यापार भएको बताउनुभएको छ।

सामग्री सर्जकहरूलाई सशक्त बनाउने उद्देश्यले सुरु गरिएको नयाँ प्लेटफर्म 'क्रिएटर्स कर्नर' को शुभारम्भका अवसरमा मन्त्री वैष्णवले यो जानकारी दिनुभएको हो। उहाले प्रसार भारतीको यो

पहल रचनात्मक सामग्रीको प्रवर्द्धन र प्रदर्शनका लागि महत्वपूर्ण रहेको भन्नुभयो,साथै सरकारले एक करोड युवालाई सिर्जनशील (क्रिएटर) अर्थतन्त्रसँग जोड्ने लक्ष्य लिएको पनि जानकारी दिनुभयो।

## ईडीको छापामारीपछि मुख्यमंत्री ममता बनर्जीले दर्ता गर्नुभयो FIR

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आई–प्याक (IPAC) प्रमुख प्रतीक जैनको कार्यालयमा हिजो भएको छापामारीपछि प्रवर्तन निर्देशनालय (ईडी) विरुद्ध इलेक्ट्रोनिक्स कम्प्लेक्स पुलिसको थाना र शेक्सपियर सरनी पुलिस थानामा उजुरी दर्ता गराउनु भएको छ।

यसै क्रममा, ईडीले कलकत्ता उच्च अदालतमा निवेदन दायर गर्दै मुख्यमन्त्रीले जैनको परिसरमा भएको छापामारीमा बाधा पुऱ्याएको आरोप लगाएको छ। ईडीका वकिल धीरज त्रिवेदीले न्यायमूर्ति शुभ्रा घोषको इजलासलाई मुख्यमन्त्रीको अचानक हस्तक्षेपका कारण छानबिन प्रभावित भएको र घटनास्थलमा उपस्थित पुलिसले पनि कुनै कारबाही नगरेको दाबी गर्नुभयो। उहाले अदालतसँग तत्काल हस्तक्षेपको माग गर्नुभएको छ।

उता, आई–प्याकका प्रतिनिधिहरूले पनि न्यायिक हस्तक्षेपको माग गरेका छन्।

## मलेसियामा आयोजित ओपन ब्याडमिन्टनमा पी.भी. सिन्धु सेमिफाइनमा प्रवेश

मलेसिया ओपन सुपर ब्याडमिन्टन प्रतियोगिताको women singles –मा पी.भी. सिन्धुले सेमिफाइनलमा स्थान सुरक्षित गरेकी छन्। सेमिफाइनल प्रवेशका क्रममा सिन्धुले जापानकी अकाने यामा-गुचीलाई २१–११ ले पराजित गरिन्।